**संघीय संसद**

**प्रतिनिधि सभा**

**महिला तथा सामाजिक मामिला समिति**

**(बैठक निर्णय-३१)**

मितिः २०८१/०२/१७गते

प्रारम्भ: दिनको १: ०० बजे

समाप्त: दिनको ३: ०० बजे

१. समितिको आजको बैठक माननीय सभापति श्री किरण कुमार साहको सभापतित्वमा बसी नेपालमा एसिड आक्रमण पीडितहरुको राहत तथा क्षतिपूर्ति सम्बन्धमा कानून, न्याय तथा संसदीय मामिला मन्त्री, सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक र अन्य विज्ञ तथा पदाधिकारीहरुसँग छलफल गरी निम्नानुसार निर्देशन गर्ने निर्णय भयो :
"तेजाब वा अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी अनुहार लगायत शरीरका अन्य अङ्गहरुमा क्षति पुऱ्याएको/कुरुप पारेको समेतका अपराधमा पीडित भएका व्यक्तिलाई तत्कालै औषधी उपचार गर्नुपर्ने भएकोले अस्पतालको बिल बमोजिमको खर्च भुक्तानी गर्ने व्यवस्था मिलाउन, अदालतबाट फैसला हुँदाका बखत तोकिएको रकम र फैसला पश्चात निजले उक्त तेजावसँग सम्वन्धित विषयमा उपचार गर्दा लाग्ने खर्च र क्षतिपूर्ति सम्बन्धित मन्त्रालयले मन्त्रिपरिषदमा पेश गरी निर्णय गर्नुपर्ने भए सो समेत गरी अपराध पीडित क्षतिपूर्ति राहत कोषबाट प्राप्त गर्ने गरी व्यवस्था गर्न, पीडितको निवेदन आएको ३५ दिन भित्र खर्च भएका रकम र क्षतिपूर्ति उपलव्ध गराउन र सोको जानकारी समितिलाई गराउन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई निर्देशन दिने ।"

२ समितिको अर्को बैठक सचिवालयबाट सूचना भएपछि बस्ने गरी आजको बैठक यहि स्थगित गर्ने निर्णय गरियो ।

**समितिको सचिव** **सभापति**